# डिभिजन वन कार्यालय

नेपालगंज, बाँके

लक्षित क्षेत्रमा स-साना हरित उद्यम प्रवर्द्धनका लागि प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रम सञ्चालन गर्न अनुदानको लागि प्रस्ताव पेश गर्ने

## सुचना

एकीकृत भु-परिधि व्यवस्थापन आयोजना, जी.इ.एफ. र डव्लु.डव्लु.एफ. को सहयोगमा नेपालको तराई भु-परिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र तथा संवेदनशिल जैविक मार्गको संरक्षणमा संचालन भैरहेको आयोजना हो । आयोजनाको सफल कार्यान्वयनबाट तराई भु-परिधि क्षेत्रमा अवस्थित जैविक मार्ग र संरक्षित क्षेत्रमा विद्यमान जैविक विविधता संरक्षणको चुनौतिलाई न्युनिकरण गर्दै वातावरणीय सेवाको अभिवृद्धि, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र वनश्रोतमा आश्रित स्थानीय समुदायको क्षमता अभिवृद्धिमा टेवा पुर्याउने रहेको छ । एकीकृत भु-परिधि आयोजनाले लिएको उद्देश्यहरु अनुरुपको संचालनमा रहेको कार्यक्रमबाट आयोजनाको कार्य क्षेत्र मध्ये निम्न कार्यक्षेत्रका बासिन्दाहरु, समुहहरु, समितिहरु तथा नियमानुसार दर्ता भएका कम्पनिहरुले निम्न बमोजिमको शर्तको अधिनमा रही यो सुचना पहिलो पटक पत्रिकामा प्रकाशन भएको मितिले ३० दिन भित्र निर्दिष्ट गरिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नु गराउनु हुन सबैलाई जानकारी गराईएको छ । अनुदान अधिकतम लघु उद्यमले १० लाख तथा घरेलु तथा साना उद्यमले ३० लाखसम्म प्राप्त गर्न सक्नेछ । यो रकमबाट जग्गा किन्न पाइने छैन ।

१. अनुदानको लागि निवेदन पेश गर्न सकिन उद्यमका किसिमहरु
   - (क) काठजन्य कुनै उद्यमहरु संचालन व्यवस्थापन तथा प्रबर्द्धन ।
   - (ख) वनजन्य पात तथा सामग्रीहरुको उपयोगबाट तयार गरिने भान्छा तथा प्याकेजिङको लागि उत्पादहरु तयार गर्ने लगायत मुँज, गुँद तथा थाकल लगायतको सामग्रीहरु उत्पादन तथा विक्रि व्यावसाय ।
   - (ग) वनजन्य हस्तकलाका सामग्रीहरु लौरो आदी ।
   - (घ) वनजन्य कलाहरुको उत्पादन तथा विक्रि वितरण जस्तै बाँस जरा तथा हाँगाहरुबाट कला सामग्रीहरु उत्पादन तथा विक्रि एवं यस्तै प्रकृतिका अन्य उत्पादनहरु ।
   - (ङ) सुगन्धित तेलहरु उत्पादन गर्ने उद्यमहरु स्थापना तथा संचालन ।
   - (च) निजी वन तथा निजी जग्गाहरुमा वृक्षारोपण तथा उत्पादन ।
   - (छ) स साना फर्निचर उद्यमहरु स्थापना तथा संचालन जस्तै बेतबाँस एवं अन्य प्रजातिहरु ।
   - (ज) प्रकृति तथा जैविक विविधता संरक्षणमा सहयोगी हुने सामुदायिक घरबास सेवा तथा पुर्वाधार तयारी ।
   - (झ) वन तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनको लागि टेवा पुग्ने किसिमका पर्यापर्यटकीय सेवा उपलब्ध गराउने उद्यमहरु ।
   - (ञ) वन तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनको लागि टेवा पुग्ने किसिमका अन्य उद्यमहरु ।

अनुदानको लागि प्रस्ताव पेश गर्ने निकाय: डिभिजन वन कार्यालय बाँके, नेपालगंज ।

अनुदानको लागि प्रस्ताव पेश गर्ने अवधि: प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र ।

प्रस्तावकले निम्न बमोजिमको कागजातहरुको साथमा डिभिजन वन कार्यालयबाट प्राप्त हुने अनुसुची २ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

१. निजी फर्म / व्यावसाय / सहकारी / समिति / कम्पनी /प्राइभेट लिमिटेड संस्थाको दर्ता प्रमाणपत्रको छाँया प्रति ।

२. स्थायी लेखा नम्बर (Permanent Account Number PAN) दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रको छाँया प्रति ।

३. गत आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनको छाँयाप्रति ।

४. समिति तथा सहकारीको कार्य समितिको बैठकको अनुदान उपलव्ध गराई पाँउ भन्ने व्यहोराको निर्णय प्रति । यदि सम्वन्धित समिति तथा सहकारीको साधारण सभाको निर्णय आवश्यक पर्ने भए सो साधारण सभाले गरेको निर्णय प्रति ।

५. डिभिजन वन कार्यालय बाँकेबाट प्राप्त हुने अनुसुची ३ बमोजिमको प्रस्तावित परियोजनाको विवरण भरेको फारम ।

६. सम्वन्धित पालिकाको सिफारिस पत्र ।

प्रस्ताव पेश गर्दा खाममा राखि बन्द गरी पेश गर्नु पर्नेछ । प्रतिलिपी प्रमाणपत्रहरु स्वयं प्रस्तावकले प्रमाणित गर्नु पर्नेछ । कुनै किसिमको किर्ते तथा झुठा ठहरेमा स्वयं निवेदनकर्ता नै जिम्मेवार हुनु पर्नेछ ।

प्रस्ताव पेश गर्ने बारेमा कुनै कुरा बुझ्नु परेमा डिभिजन वन कार्यालय, बाँके, एकीकृत भु-परिधि आयोजनाको मुख्य कार्यालय, बबरमहल, काठमाडौं तथा फिल्ड कार्यालय, कोहलपुर, बाँकेमा समेत बुझ्न सकिनेछ ।

अजीत कुमार कर्ण
डिभिजनल वन अधिकृत